नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल, काभ्रेपलाञ्चोक

## 4WD जिप खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२।०८।०१)

यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रलाई १ (एक) थान जिप आवश्यक भएकाले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीहरुबाट बोलपत्र र तपसीलमा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै e-bidding बाट बोलपत्र दर्ता गर्न चाहने इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीले www.bolpatra.gov.np मा login गरी सिलबन्दी बोलपत्र पेश गर्न सकिनेछ।

**कार्यको विवरण:**

| बोलपत्र/ ठेक्का नं. | मोटरसाईकलको विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| ५-०७२।०७३ | 4 WD Jeep | १ (एक) थान | १०००।- | १,२०,०००।- | • सिलबन्दी बोलपत्र<br>• e-bidding |

**शर्तहरु :**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनसम्म कार्यालय समय भित्र इच्छुक फर्म/कम्पनी/सप्लायर्स वा निजको आधिकारिक प्रतिनिधिले निवेदन साथ आयकर दर्ता प्रमाणपत्र, आ.व.२०७१।०७२ सम्मको कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपी साथ उल्लेखित बोलपत्र फाराम वापत नगद दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, भण्डार शाखाबाट Specification सहितको बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ।

२. बोलपत्रदाताले सिलबन्दी बोलपत्र साथ **रु. १,२०,०००।—**(एक लाख बिस हजार मात्र) रकम धरौटी बापत कोष तथा लेखा नियन्त्रक कार्यालय, काभ्रेको नाममा राष्ट्रिय बाणिज्य बैंक, धुलिखेलमा रहेको **ख. ३ धरौटी खाता नं. १०४०२०३** मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस केन्द्रको नाममा जारी गरिएको १२० (एकसय बिस) दिन सम्म म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानीपत्र (Bid-Bond) पेश गर्नुपर्नेछ।

३. बोलपत्रदाताले बोलपत्र साथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण सहितको आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७१/०७२ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी र सम्बन्धित कम्पनीको अधिकृत बिक्रेता वा आधिकारिक बिक्रि वितरण गर्न इजाजत प्राप्त प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ।

४. बोलपत्रदाताले परिमाणको मुल्य पत्र (BOQ) मा मूल्य अभिवृद्धिकर (VAT) बाहेक तिर्नुपर्ने सबै कर र अन्य शुल्क समावेश गरी अंक र अक्षर दुवैमा स्पष्टसंग आइटमवाइज दररेट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

५. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेभित्र यस प्रशिक्षण केन्द्रमा दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएका बोलपत्र सोही दिनको दिउँसो २:०० बजे यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेलमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

६. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

७. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम हुनेछ।

८. सिलबन्दी बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ। म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

९. www.bolpatra.gov.np बाट बोलपत्र दर्ता गराउन ईच्छुक फर्महरुले:

(क) बोलपत्र फाराम www.bolpatra.gov.np मा login गरी डाउनलोड गर्नुपर्नेछ।

(ख) फाराम डाउनलोड गरे पश्चात बोलपत्र फाराम वापतको दस्तुर **कार्यलयको कोड नं. ३०-३३६-०१ राजस्व खाता नं. १-१-००१ राजस्व शिर्षक १४२२७ अन्य प्रशासनिक सेवा शुल्कमा** जम्मा गरी सो भौचरको Scan कपी सम्बन्धीत महलमा upload गर्नुपर्नेछ।

(ग) अन्य आवश्यक कागजातहरुको Scan कपी सम्बन्धीत महलमा upload गरी पेश गर्नुपर्नेछ।

१०.सिलबन्दी बोलपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस केन्द्रको योजना शाखा फोन नं. ०११-६६१४५५ मा सम्पर्क गर्न सकिनेछ।

११.बोलपत्र स्वीकृत भएमा बोलपत्रदाताले कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकमको बैंक भौचर वा यस प्रशिक्षण केन्द्रको नाउमा जारी गरिएको कम्तिमा ६ महिना म्याद भएको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ।